कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ अंक: ३१ वि.सं. २०८१ जेठ १ मंगलवार नेपाल संवत: ११४४, वैशाख शुक्ल सप्तमी Tuesday 14 May. 2024 yugaawhan@gmail.com पृष्ठ: ४ मूल्य: ५।-

# कर्णालीका सात जिल्ला खाद्यान्नमा परनिर्भर

## प्रतिवर्ष हजार मेट्रिकटन उत्पादन घट्दै

**नन्दराम जैशी**
**सुर्खेत, ३१ वैशाख ।**

कर्णाली प्रदेशमा प्रतिवर्ष एक हजार मेट्रिकटन खाद्यान्न उत्पादन घट्दै गएको छ । खेतीयोग्य जमिनमा सिँचाई अभाव, खेती छाड्ने प्रवृत्तिले बाँझो जमिन बढ्नु र बालीमा विभिन्न रोग किराको बढ्दो प्रकोप लगायतका कारण खाद्यान्न उत्पादन घट्दै गएको हो ।

आर्थिक वर्ष २०७४/०७५ मा १८ हजार मेट्रिकटन खाद्यान्न अपुग रहेको कर्णालीमा आर्थिक वर्ष २०८०/०८१ मा आइपुग्दा २३ हजार मेट्रिकटन खाद्यान्न अपुग छ । यो तथ्यांकलाई हेर्दा खाद्यन्न पूर्ती हुनुको साटो प्रतिवर्ष एक हजार मेट्रिकटन खाद्यान्न अपुग हुने क्रम बढेको छ ।

कर्णालीमा १० वर्षको अबधिमा करिब तीन लाख बढि जनसंख्या बृद्धि भएपनि खासै ठुलो परिवर्तन मानिँदैन । तर खाद्यन्न अपुग हुनेक्रम भने बढ्दो छ । यसको मुख्य कारण नै उत्पादन कम हुनु हो । वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसार १३ लाख २५ हजार जनसंख्या रहेको कर्णालीमा २०७८ को जनगणनामा १६ लाख ८८ हजार चार सय १२ मात्रै जनसंख्या पुगेको छ ।

कर्णालीमा प्रतिव्यक्ति दुई सय एक किलो बार्षिक खाद्यान्न आवश्यक छ । तर स्थानीय उत्पादनले खाद्यन्न पूर्ति नहुँदा आयातित खाद्यान्नमा निर्भर हुनुपरेको छ । हाल कर्णालीका दैलेख, सल्यान र सुर्खेतबाहेक अन्य सातवटै जिल्लामा बार्षिक खाद्यान्न अपुग हुने गरेको छ ।

कृषि विकास निर्देशनालय सुर्खेतको तथ्यांक अनुसार हाल कर्णालीमा २३ हजार चार सय ३४ मेट्रिकटन खाद्यन्न अपुग छ । कर्णालीलाई आवश्यक वार्षिक तीन लाख ४४ हजार तीन सय २४ मेट्रिकटन खाद्यान्नमा २३ हजार मेट्रिकटन अपुग भएको हो ।



### ६ महिनामा एक अर्ब ९६ लाखको निर्यात

गत वर्ष एक अर्ब ७८ लाख २१ हजार बढिको कृषि तथा फलफुल जन्य वस्तु निर्यात गरेको कर्णालीले चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा मात्रै एक अर्ब ९६ लाख सात हजार बढिको निर्यात गरेको छ । जसमा खाद्यन्न बालीतर्फ मकै, मार्सी, मार्से, कोदो, कागुनो, चिनो र फापर निर्यात हुदाँ पाँच करोड ४२ लाख ८९ हजार रुपैंया भित्रिएको छ ।

त्यस्तै २६ करोड ४१ लाख २० हजार रुपैंयाको तरकारी निर्यात भएको छ । भने तीन करोड ८८ लाख ५० हजारको तरकारी वीउ निर्यात भएको निर्देशनालयको तथ्यांकमा उल्लेख छ । त्यस्तै २० करोड २० लाखको सुन्तला र ५० करोड ७५ लाख ९५ हजार रुपैंया बराबरको स्याउ निर्यात भएको छ ।

त्यस्तै ६६ करोड ७४ लाख ६३ हजारको अदुवा, तीन करोड ९१ लाख ५० हजारको बेसार, तीन करोड ५८ लाखको सिमी, तीन करोड १९ लाख २० हजारको मह र ११ करोड ९५ लाख ७० हजारको बर्षे आलु निर्यात भएको छ । कर्णालीबाट निर्यात भएका खाद्य, तरकारी तथा फलफुल बालीहरु देशभित्रका नेपालगंज, चितवन, बुटवल, दाङ, काठमाडौं र छिमेकी देश भारत र जर्मनमा बिक्रि भएका हुन् ।

---

यस वर्ष हावाहुरीको कारण मकै बालीमा र केही जिल्लाको धानबालीमा क्षती भएको तथा भुकम्पको कारण भण्डारण भएको खाद्यान्न क्षतीका कारण खाद्यान्न बचतमा कमी देखिएको निर्देशनालयका कृषि प्रसार अधिकृत तिलक प्रसाद पाण्डेले बताए ।

जसअनुसार रुकुमपश्चिममा एक हजार ६ सय १५, डोल्पामा पाँच हजार ९९, जाजरकोमा चार हजार दुई सय ९९, जुम्लामा तीन हजार पाँच, मुगुमा ६ हजार चार सय ३९ र हुम्लामा आठ हजार पाँच सय ६५ मेट्रिक्टन

बाँकी ३ पेजमा

### तीन जिल्ला आत्मनिर्भर

आव ०८०/०८१ मा सबैभन्दा बढि दैलेख जिल्लाले धान गहुँ, मकैलगायतका उत्पादित बाली आफूले खाएर ६ हजार चारसय ५१ मेट्रिकटन सञ्चित गरेको छ । दैलेखलाई आवश्यक वार्षिक ५० हजार तीन सय ६१ मेट्रिकटन खाद्यन्न पूर्ती गरेर ६ हजार चार सय ५१ मेट्रिकटन सञ्चित गरेको हो ।

त्यस्तै सुर्खेतले चार हजार आठ सय ६७ मेट्रिकटन खाद्यान्न सञ्चित गरेको छ । सुर्खेतलाई आवश्यक वार्षिक ८६ हजार एक सय ६६ मेट्रिकटन खाद्यन्न पूर्ती गरेर चार हजार आठ सय ६७ मेट्रिकटन खाद्यान्न सञ्चित गरेको हो ।

सल्यान जिल्लाले आफुलाई आवश्यक वार्षिक ४७ हजार सात सय ८८ मेट्रिकटन खाद्यबाली पूर्ती गरेर चार हजार पाँच सय ८६ मेट्रिकटन खाद्यन्न सञ्चित गर्न सफल भएको छ ।

कर्णाली प्रदेशको कुल खेतीयोग्य दुई लाख ९९ हजार तीन सय ३९ हेक्टर जमिनमध्ये हाल दुई लाख १६ हजार आठ सय ८० हेक्टर जमिनमा खेती भइरहेको छ । तर खेतीयोग्य जमिनमा पनि अपेक्षाकृत उत्पादन हुँदैन ।

तीन वटै तहका सरकारले कर्णालीमा कृषि उत्पादन बृद्धि गरेर खाद्यन्नमा आत्मनिर्भर बन्ने कसरत जारी राखेका छन् । तर कार्यक्रम कार्यान्वयन पक्ष भने फितलो छ । कृषि क्षेत्रमा दिइने अनुदान तथा सहयोगका कार्यक्रमबाट वास्तविक किसान लाभान्वित हुननसक्दा पनि खाद्यन्न उत्पादन बृद्धि हुन नसकेको हो ।

कृषि विकास निर्देशनालयका निर्देशक चित्रबहादुर रोकायाले प्रदेशस्तरमा खाद्य सुरक्षाको अवस्थाको अनुगमन तथा विश्लेषण गरी प्रदेश

बाँकी ३ पेजमा

# कर्णाली करिडोरको यातायात 'सिण्डिकेट' तोड्न माग

**युग संवाददाता**
**हुम्ला, ३१ वैशाख ।**

राष्ट्रिय सडक सञ्जालमा जोडिएको कर्णाली कोरिडोरअन्तर्गत कालीकोट र बाजुरा जिल्लामा हुने यातायात सिण्डिकेट हटाउन हुम्लाका जनप्रतिनिधिले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'समक्ष एकबुँदे माग गरेका छन् ।

काठमाडौँ, नेपालगञ्ज, सुर्खेतलगायत स्थानबाट हुम्लाका लागि सञ्चालन हुने सार्वजनिक तथा निजी यातायातका साधनलाई बाजुरा, सुर्खेत, दैलेख, कालीकोटका विभिन्न क्षेत्रमा मनपरी शुल्क लिने, रिजर्भ गरी ल्याइएका सवारीसाधनलाई अनेक दुःख दिने गरेकाले उक्त सिण्डिकेट हटाउने व्यवस्थाका लागि जिल्ला प्रशासन कार्यालयमार्फत जिल्लाका सातवटै स्थानीय तहका जनप्रतिनिधिले प्रधानमन्त्री समक्ष माग गरेका हुन् ।

कर्णाली करिडोरअन्तर्गत सुर्खेतको वीरेन्द्रनगर, बाजुराको पिलिचौर हुँदै सर्केगाड सडक खण्डमा सञ्चालित स्वामिकार्तिक, बडिमालिका, भिजिट कर्णाली, मानसरोवरलगायतका यातायात सेवाका नाममा मनपरी शुल्क उठाउने गरेको पाइएकाले उक्त खण्डमा रहेको सिण्डिकेट तोड्न माग गरिएको सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले बताए ।

हुम्ला, मुगुबाट जाने र नेपालगञ्ज, सुर्खेतबाट आउने बिरामी, कर्मचारी, विद्यार्थी, व्यापारी तथा सर्वसाधारण यात्रुलाई समितिको कर्मचारीले धम्काउने, मनपरीरुपमा रकम अशुल्ने, अनावश्यक दुःख दिने गरेका छन् ।

सर्वसाधारणलाई आवतजावतमा निकै हैरानी भोग्नुपरेको भन्दै जनप्रतिनिधि, उद्योग वाणिज्य सङ्घ, नेपाल पत्रकार महासङ्घलगायत निकायका प्रतिनिधिले जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वधार तथा यातायात मन्त्रालयलाई सिण्डिकेट रोक्न माग गर्दै ज्ञापनपत्र पेस गरिएको अध्यक्ष भण्डारीले जानकारी दिए ।

'नेपालगञ्ज र सुर्खेतबाट कर्णाली करिडोर हुँदै आएका सार्वजनिक तथा भाडाका गाडीलाई बाजुराको जगनाथ गाउँपालिकाको पिलिखोला पारी रोकेर खोला तर्न नदिएर यात्रुलाई अनावश्यक दुःख दिने गरेको पाइएको छ', सर्वपक्षीयरुपमा पेस गरिएको ज्ञापनपत्रमा भनिएको छ ।

'बुडिनन्दा नगरपालिका, जगनाथ गाउँपालिका र स्वामिकार्तिक गाउँपालिकाअन्तर्गत जुकोट गाउँका युवाले लागुपदार्थ सेवन गरी स्थानीय प्रहरी प्रशासन कसैलाई समेत धम्काउने, यात्रुसँग पैसा असुल्ने र दुःख दिने गरेकाले उक्त स्थानमा भएको सिण्डिकेट तत्काल हटाई निर्वाध रुपमा यातायात सञ्चालनमा सहजता ल्याउन जरुरी छ', ज्ञापनपत्रमा भनिएको छ ।

यस क्षेत्रका अनैतिक कार्यमा संलग्न युवालाई कानुनी कारबाहीको दायरामा ल्याउन आइतबार सहायक प्रमुख जिल्ला अधिकारी अमृतप्रसाद सुवेदीमार्फत प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरवारसहित सरोकारवाला निकायको ध्यानाकर्षण गराइएको सिमकोट गाउँपालिकाका अध्यक्ष भण्डारीले बताए ।

# बड्डीचौर-खम्बागाडे सडक खण्डमा ३० प्रतिशत प्रगति

**राष्ट्रिय समाचार समिति**
**सुर्खेत, ३१ वैशाख**

मदन भण्डारी राजमार्गअन्तर्गत बड्डीचौर-खम्बागाडे सडकखण्डको भौतिक प्रगति ३० प्रतिशत भएको छ । निर्धारित सम्झौताको म्याद सकिन दुई महिना मात्रै बाँकी रहँदा पश्चिम सुर्खेतका जनताको दैनिकीसँग जोडिएको उक्त खण्डमा हालसम्म ३० प्रतिशत मौ भौतिक प्रगति भएको हो ।

करिब १३ किलोमिटर सडकलाई स्तरोन्नतिसहित कालोपत्रका लागि जयदेवी जेभी बाँकेले विसं २०७९ साउनदेखि काम सुरु गरेको थियो । रु ४२ करोड ४७ लाख ६१ हजार लागत स्तरोन्नति भइरहेको उक्त खण्डको काम आगामी असार २४ सम्म सक्नेगरी सम्झौता भएको थियो ।

निर्माण व्यवसायीले ३० प्रतिशत काम गरेर रु पाँच करोड ९२ लाख ८६ हजार नौ सय छ खर्च भएको आयोजनाले जनाएको छ । सङ्घीय सरकारले मदन भण्डारी राजमार्ग नामकरण गरी स्तरोन्नतिको काम जारी राखे पनि निर्माण ढिलाइ भएको भन्दै कर्णाली प्रदेश सरकार, भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास निर्देशनालयले बड्डीचौर-खम्बागाडेसम्मको सडकखण्ड कालोपत्र गर्न सुरु गरेको थियो ।

सोही क्षेत्रबाट प्रदेशसभा सदस्य विन्दमान विष्टले आफू अर्थमन्त्री भएका बेला प्रदेश सरकारबाट बजेट विनियोजन गर्नुभएको थियो । हरेक वर्ष घाम लाग्दा धुलाम्य र पानी पर्दा हिलाम्य हुने उक्त सडकले नागरिकलाई सास्ती

बाँकी ४ पेजमा

डिपेन्डेन भिसा

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.:
९७६९७७२९४४, ९७६९७७२९२३






# ‘युवामा जागरण नआए परिवर्तन सम्भव छैन’



नेपालमा पहिलो पटक २००८ सालको जेठ महिनामा द्वारिकादास श्रेष्ठको अध्यक्षतामा कम्युनिस्ट र कांग्रेसको सामिप्यतामा नेपाल युवक संगठनको स्थापना भएको थियो । पछि गएर नेपाल युवक संगठन नेपाल कम्युनिष्ट पार्टीसँग निकट हुन थाल्यो । २०१२ सालसम्म आइपुग्दा नेपाल युवक संगठनले आफूलाई कम्युनिस्ट पार्टीसँग पूर्ण निकट हुने गरी योङ कम्युनिष्ट लिगमा रुपान्तरण गरिसकेको थियो । तर, २०१९ सालदेखि कम्युनिस्ट पार्टी भित्र भएको फुट र विभाजनका कारण योङ कम्युनिष्ट लिग प्रभावकारी काम गर्न नसक्ने अवस्थामा पुग्यो ।

जब २०१७ साल पुष २२ गतेबाट राजा महेन्द्रले निर्दलीय पंचायती व्यवस्था सुरु गरे नेपाली युवा आन्दोलन प्रजातान्त्र प्राप्तिको निम्ति पुनः आन्दोलनको मैदानमा होमिएको थियो र त्यसले २०३६ सालमा विशाल जन आन्दोलनको रुप लियो । फलस्वरुप २०३६ जेठ १० गते पंचायती व्यवस्था र वहुदलीय व्यवस्था विच जनमत संग्रहको घोषणा भयो । २०३७ वैशाख २० गते सम्पन्न संग्रहको नतिजा २०३७ जेठ १ गते आयो र उक्त नतिजा पंचायती व्यवस्थाको पक्षमा थियो । युवा संगठनको खाँचो महसुस गरि नेकपा चौथो महाधिवेशन समूहले २०३८ मंसिरमा कमरेड पुष्पकमल दाहालको अध्यक्षतामा अखिल नेपाल जनवादी युवा लिग गठन गरी पार्टीको सहायक संगठनका रुपमा युवा संगठनलाई क्रियाशील गराउन थाल्यो ।

२०४६ सालको संयुक्त जनआन्दोलनको वाममोर्चामा युवाको सर्वाधिक भूमिका थियो, १६ देखि ४० वर्षे युवाको सहभागिताले नै जनान्दोलन सफल हुन सकेको थियो । अनेरास्ववियुले २६ वर्षसम्मको युवाको नेतृत्वमा दाई भूमिका खेल्ने र २६ देखि ४० बर्ष समुहका युवाहरुलाई समेट्नु पर्ने वाञ्छन्य भएकाले नेकपा (माले)ले युवालाई छुट्टै संगठनका रुपमा क्रियाशील गराउने नीति अख्तियार गऱ्यो । ठीक यही बेला युवा आन्दोलनलाई भने पुनर्गठित गर्ने सोच गरि तत्कालीन माले महासचिव जननेता भण्डारीको प्रस्तावमा २०४७ जेठ १ गते केपी शर्मा ओलीको नेतृत्वमा प्रजातान्त्रिक राष्ट्रिय युवा संघ नेपाल गठन भयो । उनै ओलीले गठन गरेको युवा संघले जेठ १ गते ३५ औं बार्षिकोत्सव अबसरका *राष्ट्रिय युवा संघ कर्णाली प्रदेशका अध्यक्ष जीवनबहादुर शाहीसँग हाम्रा संवाददाता रमेश रावल्*ले गरेको कुराकानीको सारसंक्षेप :

**राष्ट्रिय युवा संघको स्थापना दिवस कसरी मनाउँदै हुनुहुन्छ ?**

हामीले खास गरी राष्ट्रिय युवा संघ नेपालको २०४७ साल जेष्ठ १ गते देशभक्त, प्रगतिशिल, जनवादी युवाहरुलाई गोलबन्द गर्दै राष्ट्रिय आकांक्षा पुरा गर्नको लागी हालका सम्माननिय प्रधानमन्त्री एवंम नेकपा एमालेका श्रदेय अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा तत्कालिन अवस्थामा प्रजातान्त्रिक राष्ट्रिय युवा संघ नेपाल (प्ररायुसंघ) हाल राष्ट्रिय युवा संघ नेपाल गठन भएको थियो । विभिन्न काल खण्डमा यसको नाममा परिवर्तन गर्दै युवा संघ नेपाल र हाल राष्ट्रिय युवा संघ नेपालको नामले परिचित छ ।

हामीले पछिल्लो चरणमा युवाहरुमा पढ्ने बानीको विकास र आम युवाहरुमा उद्यमशिलता विकास गर्न आवश्यक छ । अहिलेको युवाहरु सतही मानसिकतामा रुमलीरहेको छ । त्यसलाई हाम्रा नीति तथा कार्यक्रमले बदल्नुपर्छ भन्ने हाम्रो रणनीति रहेको छ । कर्णालीमा बिषेश गरी हामीले युवा बर्हिगमन चरम अवस्थामा रहेको छ । कर्णालीमा रहेको प्रचुर स्रोत र साधन रहेको छ । यसको सदुपयोग गरेर कर्णालीमा नै युवाहरु राख्ने योजना रहेको छ । पछिल्लो चरण भनौं अथवा पुस्तौदेखि रोजगारीका लागि भारत जानुपर्ने बाध्यता रहेको छ । अहिलेको पुस्ता खाडी तथा मलेसिया जानुपर्ने बाध्यता रहेको छ । विदेशका तिर आर्कषित भइरहेको अवस्था रहेको छ । त्यसलाई हटाएर यही रोजगारका अवसर जुटाउन आवश्यकता रहेको छ ।

त्यो अवस्थालाई यहिको स्रोत साधन प्रयोग गरेर यही बस्ने अवसर सिर्जना गर्ने उद्देश्यले युवा संघको स्थापना दिवसका अवसरका एउटा बिचार मन्थनको कार्यक्रमको आयोजना गर्दैछौ । पछिल्लो चरणमा युवाहरुमा पढ्ने बानीको कमी बैचारिकतामा कमी देखिएका कारणले हामीले सबै पार्टीका युवाहरुलाई बोलाएर बिचारको मन्थन गर्ने कार्यक्रम राखेका छौं । यसका सबै पार्टीका युवा विद्यार्थी साथीहरुलाई बोलाएका छौं । यसले एउटा बिचार मन्थन मात्र नभएर एउटा बाटो तय गर्नेछ भन्ने हामीले लक्ष्य राखेका छौं ।

> ‘हामी विश्व समाजलाई पनि केहि समय पछि कुनै न कुनै तवरवाट नेतृत्व गर्न सक्दछौं । सो अनुसारको दक्ष जनशक्ति उत्पादनमा हाम्रो ध्यान जाने छ । त्यस्तो खालको राजनैतिक प्रणाली र दिर्घकालिन सोच भएको नेतृत्व नेपाली समाजले खोजेको छ ।’

**खासमा युवाहरुलाई राजनीतिक दलहरुले चुनावका बेला र अरु बेला हुल इज्जत गर्ने संगठनका रुपमा प्रयोग गर्दै आएको भन्ने आम रुपमा आरोप लाग्दै आएको छ । यसलाई चिर्न युवा संगठनहरु सिर्जनशिल हुन आवश्यक छैन् र ?**

आम राजनीतिकमा लागेका युवाहरुलाई बुझ्ने चलन जुन छ । त्यसलाई हामीले बदल्न चाहेका छौं । युवा संगठनको जन्म आफैमा महत्वपूर्ण रहेको छ । युवाहरुले प्रजातन्त्र स्थापना आफैमा महत्वपूर्ण कार्य थियो । जहानियाँ राणा शासन अन्त्य पछि प्रजातन्त्र स्थापना । प्रजातन्त्रको सवुल अन्त्य पछि पंचायत व्यवस्थाको शुरुवात । त्यसको अन्त्य पछि प्रजातन्त्रको स्थापना । प्रजातन्त्रको स्थापना पछि १० वर्षे शसस्त्र संघर्ष । विच मै फेरि र्निदलिय जहानियाँ शाही शासनको शुरुवात । केहि समय पछि लोकतान्त्रको घोषणा । संविधान सभाको निर्वाचन । निरंकुश राजसंस्थाको अन्त्य लोकतान्त्रिक गणतन्त्रको स्थापना । मधेश आन्दोलन । जातिय, क्षेत्रीय आन्दोलन । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको घोषणा । यी २००७ साल पछिका राजनैतिक घटनाक्रमहरु हुन् । यि परिवर्तनहरुमा तत्कालिन अवस्थाका नेपाली युवाहरुले आफुलाई महत्वपूर्ण भूमिकाको रुप स्थापित गरे । तिनैको बलमा यि परिवर्तनहरु संम्भव भयो । विचार र संगठनको हिसाबले त्यसको अगुवाई २०४६ सालपछि हालको राष्ट्रिय युवा संघ नेपालले गर्दै आयो । यसको झण्डा मुनि हजारौं युवाहरु गोलवन्द भए । परिवर्तनको खातिर आफुलाई पुर्वानि दिनको लागी तयार भए । त्यसको उपलब्धीको उपभोग अहिले नेपाली समाजले गरिरहेको छ ।

माओले भने जस्तो ‘हे युवा हो यो संसार तिम्रो पनि हो हाम्रो पनि हो अन्तिममा यो संसार नवयुवाहरुको नै हो’ । यो भनाईलाई राष्ट्रिय युवा संघ नेपालले मनन् गरेको छ । त्यसैले नेपाली युवाहरुलाई राजनीतिमा गोलवन्द गर्दै सुनौलो भविश्यको कल्पनाका साथ आफ्नो समाजवादको अभियानलाई अगाडी वढाएको छ ।

२०४६ सालको प्रजातन्त्रको स्थापना पछि नेपालको प्रगतिशिल जनमतलाई एकिकृत गर्ने काम महत्वपुर्ण थियो । जुन यसको नेतृत्वमा सम्भव रह्यो । द्वन्द्वमा रहेको शक्तिलाई विश्वासमा लिदै बाम लोकतान्त्रिक शक्तिको बलमा नै सामन्तवाद (राजसंस्था) को समुल अन्त्य गर्नु एउटा प्रमुख काम थियो त्यो पनि सम्पन्न भयो । यो काममा संघले युवाहरुलाई परिचालन गरि जनदवाव सृजना गर्ने काममा महत्वपुर्ण भुमिका निर्वाह गर्यो । यस महानअभियानमा यसले खेलेको महत्वपूर्ण भुमिकाको कारणले नेपालको राजनीतिमा नेता संगठनको रुपमा स्थापित भयो । सांगठनिक र वैचारिक हिसावले कतिपय संगठनहरुको लागी यो पाठशालाको रुपमा नै स्थापित भयो ।

**युवाहरुलाई बिचार मन्थनको पढ्न संस्कृती विकास गर्न लाग्नु भएको छ यसको उद्देश्य के हो ?**

हामीले कर्णालीलाई कसरी कर्णालीको खुट्टामा उभ्याउन चाहन्छौं । कर्णालीका रोग छ । भोग छ गरिबी छ भन्ने मान्यता जुन छ । त्यसलाई मेटाउनका लागि लागि परेको छौं । कर्णालीका बिषयमा जो कसैले पनि लेख, रचना, अनुसन्धान र जे विषय उठान गर्दा पनि यो देश अर्ध औपनिवेशिक छ भन्ने मान्यतालाई स्थापित गर्नको लागी विभिन्न माध्यम र श्रोतहरुको परिचालन गर्ने काममा लागि परेका छौं । कर्णालीको प्राकृतिक श्रोत र साधनको उपभोग गर्ने अधिकार कर्णाली र कर्णालीको नै हो । भन्ने मान्यतालाई स्थापित गर्दै कर्णाली युवाहरुमा राष्ट्रियताको विषयमा हिमाल, पहाड र तराईमा जागरण ल्याउने । आत्मनिर्भर स्वाधिन मुलुक हो भन्दै देशभक्ती जनमतको सृजना गर्ने काममा यो संगठन अग्रणी मोर्चामा रहेको छ ।

**युवाहरुको बैदेशिक पलयान रोक्न के गर्नुपर्छ जस्तो लाग्छ ?**

खास गरी नेपालमा बढ्दै गएको युवा बेरोजगारितालाई यसले जहिले पनि महत्व दिँदै आएको छ । नेपालमा प्रत्येक वर्ष पाँच लाखको हाराहारीमा रोजगारीको लागी जनशक्ति बजारमा आउने गर्दछ । यो जनशक्तिलाई देशमा नै रोजगारी दिनु पर्ने विषयलाई यसले आफ्नो मुद्दा बनाउदै आयो । आज ६० भन्दा बढि देशका मानिसहरु नेपालको विभिन्न क्षेत्रमा काम गरिरहेका छन् । त्यसमा पनि भारतवाट मात्र वर्षेनि खुला सिमा नाकावाट दुई लाख भन्दा वढि युवाहरु कामको सिलसिलामा नेपालमा आउने गर्दछन् भने नेपालवाट कामको शिलसिलामा विदेश जानेको संख्या करिव वर्षमा चार लाखभन्दा बढि रहेको तथ्यांकले देखाउछ ।

अन्य मुलुकवाट नेपालमा आउने र नेपालवाट अन्य मुलुकमा जाने यो अवस्था र नेपालमा नै उत्पादन भएको जनशक्ति नेपालमा नै खपत गर्नको लागी थप बैकल्पिक विविध योजनाहरुको विषयमा सरकार र सम्वन्धीत पक्षसँग पहल कदमी गर्ने र थप रणनीतिक योजना बनाउने काममा सहयोग र दवाव मुलक गतिविधिहरु संचालन गर्दै आईरहेको छ । जसको कारण संविधानमा मौलिक हक अन्तर्गत नै रोजगारीको ग्यारेण्टीको कुरा राख्न सफल भएको छ । सरकारले हाल युवाहरुलाई लक्षित गर्दै विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । जुन हाम्रो आन्दोलनको अर्को उपलब्धी हो । त्यसैले संघ रोजगारी र जनजिविकाको विषयमा अरुभन्दा फरक तवरवाट जिम्मेवार तरिकाले लागी परेको छ ।

**अबका दिनका युवाहरुको भूमिका के हो ?**

युवा संघ जसलाई राजनैतिक संगठनले गर्नु पर्ने दायित्व भित्र पर्दछन् । आजको समाज विश्व भुमण्डलीकरणले गाँजेको समाज हो । हाम्रो प्रतिस्पर्धी हामी र हाम्रो समाज भित्र मात्र छैन । संसारको हरेक देश, समाज र व्यक्ति पनि हाम्रो लागी चुनौति र अवसर दुवै रुपमा आउन सक्छन् । त्यस कारण हामी र हाम्रा राजनैतिक संगठन र त्यसका नेता तथा कार्यकर्ता पनि त्यहि ओझका साथ अगाडी बढ्नु पर्ने हुन्छ । हामी विश्व समाजलाई पनि केहि समय पछि कुनै न कुनै तवरवाट नेतृत्व गर्न सक्दछौं । सो अनुसारको दक्ष जनशक्ति उत्पादनमा हाम्रो ध्यान जाने छ । त्यस्तो खालको राजनैतिक प्रणाली र दिर्घकालिन सोच भएको नेतृत्व नेपाली समाजले खोजेको छ । हामीले सो सोच र समाजले खोजेको जस्तो हुन नसक्ने हो भने राजनैतिक शक्तिहरु यस धर्तिमा कति अस्तित्वमा आए कति विलाएर गए तिनको कुनै लेखाजोखा छैन । त्यस कारण समाजले अग्रगमन खोजेको हुन्छ । सो अनुसार राजनैतिक शक्ति र नेतृत्वले पनि सोच्नु र परिवर्तन हुनु पर्दछ ।

**कर्णाली प्रदेश सरकारले युवाका बिषयमा काम गरे जस्तो लाग्छ ?**

यसभन्दा अघिल्ला सरकारले खासै काम गरेको देखिएको छैन् । अहिले कर्णालीमा आम मान्छे रुचाएको नेतृत्वमा सरकार बनेको छ । हाम्रै पार्टीको नेतृत्वमा तथा हाम्रा आम रुचाएका नेता यामलाल कँडेलको नेतृत्वका सरकार बनेको छ । उहाँले युवाका बिषयमा काम गर्नुहुनेछ विश्वास गरेका छौं । यसभन्दा अघिल्ला सरकारले नगरेका काम उहाँका नेतृत्वमा अगाडी बढ्ने छन् भन्ने अपेक्षा गरेका छौं ।

## विश्व

# केजरिवाललाई मुख्यमन्त्रीबाट हटाउन दायर रिट सर्वोच्च अदालतद्वारा खारेज

**रासस, ३१ वैशाख**

सर्वोच्च अदालतले अरविन्द केजरिवाललाई दिल्लीको मुख्यमन्त्रीको पदबाट हटाउन माग गरिएको अपिल खारेज गरेको छ ।

सोमबार न्यायाधीशद्वय सञ्जीव खन्ना र दीपंकर दत्ताको संयुक्त इजलासले यस्ता मुद्दामा जान नसकिने र यो दिल्लीका लेफ्टिनेन्ट गभर्नरले हेर्ने विषय भएको बताउँदै रिट खारेज गरेको हो ।

गत हप्ता इजलासले जुन १ मा दिल्लीमा हुने आगामी लोकसभा चुनावलाई ध्यानमा राख्दै केजरिवाललाई अन्तरिम जमानत प्रदान गरेको थियो । तथापि, इजलासले केजरिवालले मुख्यमन्त्रीका रूपमा काम गर्न नसक्ने जनाउँदै कुनै पनि आधिकारिक फाइलमा हस्ताक्षर गर्न वा मुख्यमन्त्रीको कार्यालय प्रयोग गर्न नसक्ने बताएको थियो ।

यसअघि दिल्ली उच्च अदालतले इडीले पक्राउ गरेपछि अरविन्द केजरिवाललाई दिल्लीको मुख्यमन्त्री पदबाट हटाउन निर्देशन दिन माग गरेको अपिललाई खारेज गरेको थियो । अपिलकर्ताले अदालतलाई राजनीतिक घेरामा तान्ने प्रयास गरिरहेको दिल्ली उच्च अदालतले बताएको थियो ।

आम आदमी पार्टी (आप)का राष्ट्रिय संयोजक तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई सर्वोच्च अदालतले शुक्रबार दिल्लीको उत्पादन शुल्क नीतिसँग सम्बन्धित मनी लन्ड्रिङ मामिलामा जुन १ सम्मका लागि अन्तरिम जमानत प्रदान गरेको छ ।

आमचुनावको समयतालिका घोषणा भएको केही दिनपछि मार्च २१ मा मुद्दाका सम्बन्धमा इडीद्वारा पक्राउ परेपछि उनले कारागारमा ५० दिनभन्दा बढी बिताए ।

जमानत जुन १ सम्म लागू हुनेछ । केजरिवालले जुन २ मा अधिकारीहरूसमक्ष आत्मसमर्पण गर्नुपर्नेछ । इजलासका अनुसार दिल्लीका मुख्यमन्त्रीले चुनावी अभियानमा भाग लिन सक्नुहुनेछ, तर मुख्यमन्त्रीका रूपमा आफ्नो कार्यालयमा उपस्थित हुन सक्नुहुन्न ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । काम गर्ने जोशजाँगर र उमंग बढ्नेछ । चिताएको कामले तीव्रता लिनेछ ।

**वृष** — कीर्तिमानी काम गर्ने समय छ । चलाखी पूर्ण बोलीले कार्य सिद्ध हुनसक्छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**मिथुन** — प्रेममा सफलता पाइनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । दिनको उत्तरार्धमा धन खर्च हुनेछ ।

**कर्कट** — ताकेका काममा बाधा हुनेछ । नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुनेछैन । सङ्कटको सामना गर्दै उपलब्धि हासिल गर्नुपर्नेछ ।

**सिंह** — प्रेम र मित्रताको बन्धन कसिनुका साथै वाहन लाभ हुने समय छ । घरमा अतिथिको आगमन हुनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**कन्या** — आज रमणीय र सुखद् यात्राको योग छ । नयाँ कामको थालनी हुनेछ । मनोरञ्जनमा सहभागी भइएला । प्राविधिक कार्यमा मन पनि जानेछ ।

**तुला** — स्वादिष्ट भोजन पाइनेछ । बुद्धि र विवेकको प्रयोग गर्न सके आजको दिनलाई सकारात्मक बनाउने समय छ । वित्तिय संस्थाबाट सहयोग मिल्नेछ ।

**वृश्चिक** — आज अनावश्यक यात्रा र वैदेशिक क्षेत्र कमजोर रहनेछ । कार्य सम्पादनमा समस्या आउला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**धनु** — शुभकार्यको चर्चा चल्नेछ । टाढाका नातागोता वा परिवारजनसँग भेटघाट हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । शेयर बजारमा विशेष लाभ मिल्नेछ ।

**मकर** — आज नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट आँटेको काम सफल हुनेछ । प्रेममा मधुरता छाउनेछ । आत्मबल पनि बढ्नेछ ।

**कुम्भ** — आज पुरानो समस्या सुल्झाउन सकिनेछ । शुभ चिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन् । मनमा उत्साहका साथै बोली बिक्ने समय छ ।

**मीन** — आज कार्यमा बाधा आउनेछ । सरकारी निकायको भय रहला । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । यात्रामा मालसामान हराउन सक्छ ।

# सबै पालिकामा आयोडिनयुक्त नुन उपलब्ध गराउन निर्देशन

**युग संवाददाता**
**काठमाडौँ, ३१ वैशाख ।**

प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले देशभरका सबै पालिकामा आयोडिनयुक्त नुनको सहज आपूर्तिको व्यवस्था मिलाउन सरकारलाई निर्देशन दिएको छ । सुगम क्षेत्रमा नुनको सहज उपलब्धता भए पनि दुर्गममा नुनकै लागि सर्वसाधारण जनताले सास्ती खेप्नु परेको गुनासो सार्वजनिक भएसँगै समितिले उक्त निर्देशन दिएको हो ।



समितिले सोमबार साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडबाट हालसम्म भए/गरेको कामकारबाही तथा आगामी कार्ययोजनाबारे उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, आपूर्ति मन्त्रालयका सचिव दिनेश घिमिरे र साल्ट्र ट्रेडिङका उच्च अधिकारीसँग छलफल गरेको थियो । समितिले नुन, चिनी, रासायनिक मललगायत अत्यावश्यक सामग्रीको गुणस्तरीयता सुनिश्चित गर्दै देशभर सहजै उपलब्ध गराउन वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको छ । बैठकले साल्ट ट्रेडिङले विभिन्न शीर्षकमा पाउनुपर्ने भुक्तानीका लागि सहजीकरण गर्न अर्थ मन्त्रालयलाई समेत निर्देशन दिएको छ ।

बैठकमा सहभागी सांसदले आम नागरिकको भान्छासँग जोडिएको नुन तथा सहजरुपमा उपलब्ध हुने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराएका थिए । उनीहरुले मुख्यतः बर्खायाममा रासायनिक मलको अभाव हुने गरेको यसअघिको उदाहरण प्रस्तुत गर्दै मलको अभाव नहुने गरी आपूर्ति सुनिश्चित गराउन जोड दिए ।

सांसद महेन्द्रबहादुर शाहीले दुर्गमका जिल्ला सदरमुकाम र इलाका प्रशासन कार्यालयसम्म मात्रै आयोडिनयुक्त नुन उपलब्ध भएको तथ्य प्रस्तुत गर्दै अति दुर्गम क्षेत्रमा पनि नुनको सहज उपलब्धता गराउन सरकारको ध्यानाकर्षण गराए । सांसद कान्तिका सेजुवालले जनताको मागअनुसार नुन आपूर्तिको व्यवस्था मिलाउन आग्रह गरे । उनले दुई/तीन दिनको बाटो हिँडेर दुई केजी मात्रै नुन पाउने अवस्थाको अन्त्य हुनुपर्ने बताए ।

सांसद हेमराज राईले नुन, चिनी तथा रासायनिक मललगायत अत्यावश्यक वस्तु बिक्रीवितरणको जिम्मेवारी लिएको साल्ट ट्रेडिङले मागअनुसार आपूर्तिको सुनिश्चितता गर्नुपर्ने बताए । सांसद सूर्यमान दोङले रासायनिक मलको सहज आपूर्ति र वितरणको योजना के छ भनी प्रश्न गरे । सांसद गणेश पराजुली, सीता मिजार, शान्ति चौधरी र अमृतादेवी अग्रहरीले बर्खाको समयमा रासायनिक मलको उपलब्धता सुनिश्चित गर्न तथा दुर्गममा नुनको ढुवानीको व्यवस्था मिलाउन आग्रह गरे ।

**‘अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउन सरकार प्रतिबद्ध’**

छलफलमा सांसदले राख्नुभएको जिज्ञासाको जवाफ दिँदै उद्योगमन्त्री भण्डारीले नुन, चिनीलगायत अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउन सरकार प्रतिबद्ध रहेको बताए । “अत्यावश्यक वस्तुको अभाव हुन दिइने छैन, आपूर्ति सहज बनाउन आवश्यक कार्ययोजना बनाउँदैछौँ”, उनले भने ।

मन्त्री भण्डारीले समयमै रासायनिक मलको आयातको व्यवस्था मिलाउन ठोस योजना बनाइएको बताए । मल आपूर्तिलाई सहज बनाउन मन्त्रलायले थप कूटनीतिक पहल गरिरहेको उनको भनाइ थियो ।

मन्त्री भण्डारीले कृत्रिम अभाव, गुणस्तरहीन सामग्रीको बिक्रवितरण तथा कालोबजारी नियन्त्रण गर्न मातहतका निकायलाई व्यवस्थित ढङ्गबाट परिचालित गरिएको स्पष्ट पारे ।

साल्ट ट्रेडिङका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले नेपाल सरकारको निर्देशनबमोजिम विभिन्न खाद्य तथा गैरखाद्य वस्तुको उत्पादन तथा बजारीकरणमा कम्पनी क्रियाशील रहेको बताए ।

# शिक्षा मन्त्रालयको निर्देशनपछि दलीय राजनीति छाड्दै शिक्षक-कर्मचारी

**रासस**
**काठमाडौँ, ३१ वैशाख ।**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक-कर्मचारीलाई दलीय राजनीतिक आबद्धता त्याग्न दिएको निर्देशनको सकारात्मक प्रभाव परेको छ ।

शिक्षक-कर्मचारीले राजनीतिक दलको सदस्यता लिई जिल्ला तहमा दलको कार्यकारिणी समिति सदस्यसमेत भएको भन्ने गुनासोपछि शिक्षामन्त्री सुमना श्रेष्ठको यही वैशाख ४ गतेको निर्णयबाट मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत दलीय राजनीतिक आबद्धता त्याग्न निर्देशन दिएको थियो ।

केन्द्रले राजनीतिक दलको कार्यकारिणी समितिका सदस्य रहेको शिक्षक र कर्मचारीलाई कारबाही गर्न सबै जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइलाई निर्देशन दिएको थियो । सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीले विभिन्न राजनीतिक दलको सदस्यता लिई कार्यकारिणी समिति र महाधिवेशन प्रतिनिधि भई काम गरेको उजुरी र गुनासो प्राप्त आएपछि मन्त्रालयले विद्यमान कानुनी व्यवस्थाले सो कार्यलाई निषेध गरेकाले कानुनको प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिएको हो ।

## भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने आशयको सम्बन्धमा

**मिति : २०८१/२/१**

मिति २०८०/१२/२३ गते यस भेरिगंगा नगरपालिकाको पशुपन्छी विकास शाखाको चाफ कटर खरिद , मिति २०८१/०१/१० गते जहरे प्रहरी चौकी भवन निर्माण , बालबालिका भवन हुदै जाने बाटोमा पक्कि नाली र ग्राभेल र थोत्रेखोला र मसानघाट सम्मको सडक मर्मत निर्माण कार्यको लागि बिधुतिय बोपत्र/दरभाउपत्र माध्ययम द्वारा सुचना आह्वान गरि मिति २०८१/०१/२३ र मिति २०८१/०१/२५ गते दर्ता भएका बोलपत्र/ दरभाउपत्रहरु मुल्यांकन समितिले मुल्यांकन गर्दा तपसिलमा उल्लेखित बोलपत्र/दरभाउपत्रहरु तपशिलका निर्माण कार्यको लागि न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतको लागि छनौट भएको हुदा सार्बजनिक खरिद (पहिलो शंसोधन) ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्म र ठेगाना | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १. | BGM/NCB/ GOODS/ 2080/081-20 | सहलागानिमा पशुपन्छी विकास शाखाको चाफ कटर खरिद | श्री सुभकामना एग्रो ईन्टरप्रईजेज बिरेन्द्रनगर ९ सुर्खेत | रु.२६,१४,९०२।३६ | (मु.अ.क. बाहेक) |
| २. | BGM/SQ/ 2080/081-18 | जहरे प्रहरी चौकी भवन निर्माण कार्य वडा नं.९ | श्री चुली कर्णाली निर्माण सेवा खजुरा बाँके | रु. ११,५९,१८१।२ | (मु.अ.क. सहित) |
| ३. | BGM/SQ/ 2080/081-19 | बाल बालिका भवन हुदै जाने बाटोमा पक्कि नाली र ग्राभेल वडा नं.१२ | श्री बिर्ख निर्माण सेवा भेरिगंगा ४ सुर्खेत | रु. ७,१६,४४१।६ | (मु.अ.क. सहित) |
| ४. | BGM/SQ/ RBN2080 /081-20 | थोत्रे खोला र मसानघाट सम्मको सडक मर्मत वडा नं.११ र १३ | श्री दि दर्सन कन्स्ट्रक्सन भेरिगंगा सुर्खेत | रु. ९,०६,३५१।१६ | (मु.अ.क. सहित) |

**कृष्ण प्रसाद पोख्रेल**
**प्रमुख प्रशासकीय अधिकृत**

# उपप्रधानमन्त्री यादवद्वारा राजीनामा

**युग संवाददाता**
**काठमाडौँ, ३१ वैशाख ।**

उपप्रधान एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री उपेन्द्र यादवले पदबाट राजीनामा दिए । जनता समाजवादी पार्टी (जसपा)नेपालका अध्यक्ष समेत रहुनभएका यादवले आज विहान प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’समक्ष राजीनामा बुझाएका छन् ।

“आज विहान प्रधानमन्त्री दाहालसमक्ष राजीनामा बुझाएको छु, वर्तमान विकसित राजनीतिक परिस्थितिमा सरकारमै रहेर सहकार्यलाई निरन्तरता दिन नसकिने भएकाले जिम्मेवारीबाट राजीनामा दिन चाहन्छु”, उनले भने । उनले आजका दिनसम्म सरकारमा रहेर सहकार्य गर्ने अवसर दिएकोमा प्रधानमन्त्रीलाई धन्यवाद समेत दिएका छन् ।

# बाँकेका घरबासमा आन्तरिक पर्यटकको चहलपहल

**युग संवाददाता**
**बाँके, ३१ वैशाख ।**

बाँकेको ग्रामीण क्षेत्रमा सञ्चालित घरबास (होमस्टे) मा आन्तरिक पर्यटकको चहलपहल बढेको छ । बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका गाभर भ्याली, खड्कवार सामुदायिक होमस्टे र राप्तीसोनारीको नयाँ गाउँ घरबासमा आन्तरिक पर्यटकको सङ्ख्या दैनिकरूपमा बढ्दो रहेको गाभर भ्याली होमस्टेका अध्यक्ष कृष्णलाल चौधरीले बताए ।

“नेपालगञ्ज, कोहलपुर लगायतका सहरी क्षेत्रबाट गर्मी छल्न घरबास आउने चलन बढ्दै गएको छ”, चौधरीले भन्नुभयो, “पूर्व-पश्चिम राजमार्ग क्षेत्र नजिकै भएकाले बाँके र बर्दियामात्र नभई कर्णाली, सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका अन्य जिल्लाबाट बढीमात्रामा होमस्टेमा पाहुना घुम्न आउने गरेका छन् ।”

छोटो समयमा पर्यटकीय क्षेत्रको पहिचान बनाउन सफल गाभर भ्याली बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्दछ । खासगरी आन्तरिक पर्यटकको प्रमुख आकर्षणको केन्द्रविन्दु रहेको गाभर भ्यालीबाट चुरे पर्वतका मनोरम दृश्य देख्न सकिन्छ । थारू र मुगाली समुदायद्वारा सञ्चालित गाभर भ्याली घरबासमा दैनिक करिब पाँच सय आन्तरिक पर्यटक पुग्ने गरेका छन् । “यतिबेला बाहिरी जिल्लासँगै नेपालगञ्जलगायत बाँके जिल्लाभित्रैका पाहुना यहाँ आइरहेका छन्”, चौधरीले भने, “एकपटक यहाँ आएका पाहुनाहरु फेरि फर्किएर आउने गरिएको छ ।”

गाभर घरबास आउने पाहुनालाई बाँके राष्ट्रिय निकुञ्जमा हात्ती सफारी र जङ्गल सफारीको व्यवस्था गर्ने गरिएको छ । स्थानीय स्वादसँगै प्राकृतिक मनोरममा पाहुना आकर्षित हुने गरेको च्यामा घरबासका सञ्चालक गणेश दहितले बताए । बाँके, बर्दियासँगै काठमाडौँबाट पाहुना घुम्न आउने गरेको उनको भनाई छ । नेपालगञ्ज उपमहानगरपालिका-१० आदर्शनगरबाट गर्मी छल्न च्यामा घरबास पुगेका प्रज्वल जोशीले समय मिलाएर घरबास घुम्न आउने गरेको बताए ।

बाँके निकुञ्ज घुम्न आउने पर्यटक अहिले घरबासको स्वाद लिन आफू कहाँ आउने गरेको नयाँगाउँ सात नं. घरबासकी सञ्चालक शोभी थारूले बताए । घरबास आएका पाहुनालाई लोकल कुखुरा, ढिक्री, घोंगीलगायत स्थानीय प्राङ्गारिक परिकारले स्वागत सत्कार गर्ने गरेको उनको भनाइ छ ।

## तीन...

सरकारलाई पृष्ठपोषण दिने काम भएरहेको बताए । उनले भने ‘कृषि बालिबस्तुको विकास एवं विस्तारका लागि आवश्यक नीति तय गर्नुका साथै व्यवसायिक योजना तर्जुमा गरि कार्यान्वयन गर्नमा सहजिकरण गर्ने काम भइरहेको छ ।’

प्रदेशस्तरमा खाद्य सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण वालीवस्तुहरूको पहिचान गरी विकास एवं प्रबर्द्धन गर्ने काम पनि जारी रहेको निर्देशक रोकायाको भनाइ छ । ‘प्रदेशस्तरको बजार तथा अन्य कृषि पूर्वाधार विकास नीति तर्जुमा गरि कार्यान्वयन गर्ने काम भइरहेको छ’ उनले भने, ‘अब प्रदेशस्तरमा कृषि यान्त्रीकरण प्रवर्द्वन गरि व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि पेशाको विकास गर्न आवश्यक छ ।’

## कर्णालीका...

खाद्यान्न अपुग रहेको अधिकृत पाण्डेले जानकारी दिए । उनका अनुसार सबैभन्दा बढी कालीकोटमा १० हजार तीन सय १७ मेट्रिकटन खाद्यान्न अपुग छ । यसलाई केलाउँदा साविक कर्णालीका सबै जिल्ला आयतित खाद्यान्नमा निर्भर देखिन्छन् । कर्णालीमा खाद्यान्न आयातको अवस्थाबाट मुक्त हुन नसक्नुमा पछिल्लो समयमा विदेशिने युवाको स
्या बढ्नु, कृषि पेशालाई घृणाका रुपमा हेरिनु, वर्षा कम हुनु, बसाइँसराइ र अव्यस्थित शहरीकरण लगाएतका कारण रहेको उनको भनाइ छ ।

## नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
## भूमि व्यवस्थापन तथा अभिलेख विभाग
## मालपोत कार्यालय,

मेहेलकुना, सुर्खेत

### ३५ दिने सार्वजनिक सुचना तथा हकदारको नाँउको सूचना

**मिति २०८१/०२/०१**

गुर्भाकोट न.पा.वडा नं.०६ सुर्खेत बस्ने शशिली खत्रीले मेरो ससुरा ढाल बहादुर खत्रीका नाँउमा जग्गा दर्ता भएको र निजको मिति २०३२/०३/१० गतेका दिन आफ्नै कालगतिले मृत्यु भएको हुदाँ मृतक ढाल बहादुर खत्रीको नामको जग्गामा हकलाग्ने हकवाला हकदार बुहारी शशिली खत्री भएकाले मेरो नाँउमा नामसारी गरी पाँउ भन्ने व्यहोराको नामसारीको मिति २०८१/०१/२० मा निवेदन भएको यस कार्यालयबाट कार्वाही हुँदा यस कार्यालयको मिति२०८१/०१/३१ को आदेश अनुसार यो ३५ (पैतिस) दिने सार्वजनिक तथा हकदारको नाउँको सूचना प्रकाशित गरिएको छ । मृतक ढाल बहादुर खत्रीको नामको तपशिलको जग्गामा हकलाग्ने हकदारहरु कोही भए यो सूचना टाँस गरिएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र उजुर दावी नगरेमा नियमानुसार निवेदककै नाममा एकलौटी नामसारी भैजाने व्यहोरा हकदार र अरु सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मृतक ज.ध. को नामथर |
|---|---|---|---|---|---|---|
| १ | सुर्खेत | राकम | ८ज | २७ | ३-२-१-३ | ज.ध.ः-ढाल बहादुर खत्री<br>बाबुः-कालु<br>बाजेः-दलु |

**पुनश्च**ः माथि उल्लेखित ज.ध.को मिति २०३२/०३/१० गतेका दिन आफ्नै कालगतिले मृत्यु भएको र मृतक ढाल बहादुर खत्रीको दुई मात्र श्रीमति मध्ये जेठी श्रीमति रत्ना कुमारी खत्री भएकोमा निज हालको सिम्ता गा.पा.वडा नं.०८ बस्ने सेतु खत्रीको नाति रत्न बहादुर खत्रीको छोरा विर सिहं खत्री संग मिति २०३६ सालमा दोस्रो विवाह भई गएको र मृतक ढाल बहादुर खत्री र रत्ना कुमारी खत्रीबाट एकमात्र सन्तान छोरी तुलसी खत्रीको जाय जन्म भएको निजको सामाजिक परम्परा अनुसार विवाह भई गएको र मृतकको कान्छी श्रीमति गोरी खत्री भएकोमा निजको मिति २०३४/०१/११ गतेका दिन आफ्नै कालगतिले मृत्यु भएको मृतकहरु ढाल बहादुर खत्री र कान्छी श्रीमति गोरी खत्रीबाट जान्य जन्म भएका सन्तान एकमात्र छोरा प्रेम बहादुर खत्री भएकोमा निजको समेत मिति २०६३/०९/१९ गतेका दिन आफ्नै कालगतिले मृत्यु भएको मृतकको एकमात्र श्रीमति शशिली खत्री भएको । मृतक जग्गा धनी ढाल बहादुर खत्रीको जग्गाको अंसियार एकमात्र बुहारी शशिली खत्री बाहेक अन्य कुनै पनि अंसियार नभएकाले । अंसियार शशिली खत्रीका नाममा माथि उल्लेखित जग्गा एकलौटी नामसारी गरिदिने भनी गुर्भाकोट न.पा. वडा नं.०६ बाट वडा सर्जमिन मुचुल्का र सिफारिस प्राप्तका साथै सिम्ता गा.पा.वडा नं.०७ बाट सिफारिस प्राप्त । साथै ज.ध. मृतकको ज.ध.पुर्जामा बाबुको नाम कालु मात्र, बाजेको नाम दलु मात्र र जग्गा धनी पुर्जा श्रेष्तामा ना.प्र.प.नं. जारी मिति समेत उल्लेख नभएको ।

Karnali Province Government
Ministry of Water Resource and Energy Development
Water Supply, Irrigation and Energy Development Directorate
## Water Supply, Irrigation and Energy Development Office
Dunai, Dolpa

### Invitation for Online Sealed Quotation

**First Time Publication Date: 2081/02/01 (24 May, 2024)**
IFB: SQ/GOODs/02

1. The **Water Supply, Irrigation and Energy Development Office, Dolpa** invites online sealed quotations from registered Suppliers for the following works;

| S.N. | Contract ID No. | Descriptions of Works | Estimated Amount (Without VAT, PS and Contingency) | Bid Security Amount (NRs) | Bid Validity Period (Days) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | WIEDO/DOLPA/ GOODS/SQ/2080/81-03 | Supply, Delivery and Distribution of 100 Wp Solar Home System for Chharka Tangsong Rural Municipality Bidhyutikaran, for Chharka Tangsong Rural Municipality, Dolpa | 1,926,380.40 | 57,700.00 | 45/75 | 1000.00 |
| 2 | WIEDO/DOLPA/ GOODS/SQ/2080/81-04 | Supply, Delivery and Distribution of 100 Wp Solar Home System for Dolpo Buddha Rural Municipality Bidyutikaran, Dolpo Buddha Rural Municipality, Dolpa | 1,924,873.07 | 57,700.00 | 45/75 | 1000.00 |
| 3 | WIEDO/DOLPA/ GOODS/SQ/2080/81-05 | Supply, Delivery and Distribution of 100 Wp Solar Home System for Shey Phoksundo Rural Municipality Bidhyutikaran, Shey Phoksundo Rural Municipality, Dolpa | 1,925,850.67 | 57,700.00 | 45/75 | 1000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Water Supply, Irrigation and Energy Development Office, Dolpa,** wsiedodolpa@gmail.com , **telephone no: 087550165** or may visit PPMO website www.bolpatra.gov.np/ego .
3. A complete set of Bidding Documents may be purchased from the office of **Water Supply, Irrigation and Energy Development Office, Dolpa** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable Documents fee as mentioned above till 2081/02/16 (29 May 2024) during office hours. **OR**
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP www.bopatra.gov.np/egp . Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account

**Information to deposit the cost of Bidding Document in Bank:**

Name of the Bank : Nepal Bank Limited, Dunai, Dolpa.
Name of Office : Water Supply, Irrigation and Energy Development office Dunai Dolpa,
Office Code no : 3080161016
Office Account no : 27502000001001000001 (Rajaswa Khata) Revenue Head no : 14229

**Information to deposit the Bid-Security Amount**

Name of the Bank : Nepal Bank Limited, Dunai, Dolpa.
Name of Office : Water Supply, Irrigation and Energy Development office Dunai Dolpa
Account No : 08702000002003000001 (Dharauti khata)

5. Pre-bid meeting shall be held at **2081-02-10 (23 May, 2024)** at **Water Supply, Irrigation and Energy Development office Dunai Dolpa**
6. Electronic Sealed bids must be submitted to the office **Water Supply, Irrigation and Energy Development Office, Dolpa** through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2081/02/17 (30 May, 2024). Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/02/17 (30 May, 2024). 13:00 at the office of **Water Supply, Irrigation and Energy Development Office, Dolpa**.
8. Bids must be valid for a period of 45 days counting From the day of bid opening and must be accompanied by bid security (as mentioned above) which shall be valid for minimum 30 days beyond the bid validity period.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Office Chief**

# विदेशी भाषा पढाउने होडबाजीमा वीरेन्द्रनगरका वडा कार्यालय

**युग संवाददाता**
**सुर्खेत, ३१ वैशाख ।**

वीरेन्द्रनगर नगरपालिकाका केही वडा कार्यालयहरुले जापनिज र कोरियन भाषा पढाउनका लागि होडबाजी चलाएको पाइएको छ । वडा कार्यालयको ५० प्रतिशत सहयोगमा भाषा पढाउने गरी सार्वजनिक विज्ञापन प्रकाशन गरेपछि वडा कार्यालयहरु आफै विवादमा तानिएका छन् ।

वीरेन्द्रनगर नगरपालिकाको वडा नम्बर १०, १३ र १६ नम्बर वडाले जापनिज, कोरियन, कम्प्यूटर, अंग्रेजी, आइएलटिएस, पीटीई र टोफेल भाषा अध्ययन गर्ने भन्दै १० दिने सार्वजनिक सूचना जारी गरेका छन् ।

१८ बैशाखमा वडा नम्बर १० को कार्यालयले सार्वजनिक सूचना जारी गर्दै भनेको छ, ' उपर्युक्त सम्बन्धमा यस वडा कार्यालय र टेस्ला इन्ष्टिच्यूट प्रालि बिच भएको साझेदारी सम्झौता अनुसार यस १० नम्बर वडामा स्थायी बसोबास गर्ने विपन्न तथा गरिव जेहेनदार विद्यार्थीहरुलाई ५० प्रतिशत छुटमा अध्यापन गराईने व्यहोरा जानकारी गराउँदछौं ।'

# नेपालकै विश्वविद्यालयमा विद्यार्थी टिकाउन सांसदको जोड

**युग संवाददाता**
**काठमाडौँ, ३१ वैशाख ।**

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आजको बैठकमा उच्च शिक्षाका लागि स्वदेशकै विश्वविद्यालयमा विद्यार्थी टिकाउने वातावरण सिर्जना गर्न जोड दिइएको छ । 'नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९' माथिको छलफलका क्रममा संशोधनकर्ता सदस्यले स्वदेशमा विश्वविद्यालय थप्दै जाने तर उच्च शिक्षाका लागि नेपाली विद्यार्थी विदेश जानेक्रम बढ्दै जाने हो भने त्यसले समस्या निम्त्याउने धारणा राखेका छन् ।

संशोधनकर्ता नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद ठाकुरप्रसाद गैरेले चालु आर्थिक वर्षको नौ महिनामा विदेश जाने विद्यार्थीसँगै रु ९५ अर्ब बाहिरिएको र विदेश जाने विद्यार्थीको सङ्ख्या गत वर्षभन्दा ४३ प्रतिशत बढी भएको विवरण सुनेर आफूहरु चिन्तित भएको बताए ।

सांसद गैरेले शिक्षामन्त्री सुमना श्रेष्ठलाई ध्यानाकर्षण गराउँदै 'राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम'लाई निरन्तरता दिन, बङ्गलादेशमा चिकित्सा शिक्षा अध्ययन गर्न जाने नौ विद्यार्थीका छात्रवृत्तिको स्थानमै अन्य विद्यार्थी गएका विषयमा स्पष्ट पार्न र शिक्षकलाई राजनीति गर्न नपाइने भन्ने नाममा उनीहरुको आस्थामाथि प्रहार गरेर त्रसित नबनाउन आग्रह गरे । जवाफमा मन्त्री श्रेष्ठले आफू बङ्गदालेशमा चिकित्सा शिक्षाको अध्ययनलगायतका विषयमा नेपालका लागि बङ्गलादेशका राजदूतसँग आजै भेटेर छलफलको तयारीमा रहेको जानकारी दिए । संशोधनकर्ता नेपाली कांग्रेसका सांसद तेजुलाल चौधरीले मौलिक र फरक किसिमले नेपाल विश्वविद्यालय खुल्न लागेकाले यसलाई छिटो सञ्चालनमा ल्याउनुपर्ने बताए ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद शेरबहादुर कुँवरले उच्च शिक्षामा स्वदेशका विश्वविद्यालयमा आकर्षण नभएको र शिक्षामा लागि पुँजी र प्रतिभा पलायन भएको विषयमा अध्ययन गर्न सरकारसँग माग गरे । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीप र रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम जनशक्ति उत्पादन गर्न तत्कालीन शिक्षामन्त्री देवेन्द्र पौडेलले सो विधेयक पेस गर्नुभएको हो ।

## बड्डीचौर...

दिँदै आएको छ ।

निर्माण कम्पनीका प्रतिनिधि सन्देश शाहीले सरकारी प्रक्रिया र बजेट निकासामा ढिलासुस्ती हुँदा काममा ढिलाइ भएको बताए । ' अहिलेसम्म रुख कटानको अनुमति पाएका छैनौँ । १३ किमीमध्ये १२ किमीभित्रका करिब आठ सयभन्दा बढी रुख कटान गर्नुपर्नेछ', उनले भने, 'रुख कटानको अनुमतिका लागि सङ्घीय मन्त्रिपरिषद् बैठकले निर्णय गर्नुपर्ने भएकाले काम रोकिएको हो ।'

वातावरणीय प्रभाव मूल्याङ्कन (इआए) प्रतिवेदन सङ्घीय वन मन्त्रालयमा छ । "यो खण्डको धेरैजसो भाग जङ्गल क्षेत्रमा पर्दछ । काम गर्ने क्षेत्रमा अवरोध भइरहेको छ (साइट क्लियर छैन) । हरेक ठाउँमा रुख छन्", शाहीले भने, "रुख नभएका ठाउँमा काम गरिएको छ ।" अझै करिब तीन किमी सडक 'सर्भे' गर्न बाँकी रहेको उनले बताए । कालोपत्र गर्नुपर्ने खण्डमा एक सय ५० वटा विद्युत् खम्बा हटाउनुपर्नेमा हालसम्म नहटाइएको शाहीले जानकारी दिए । 'खम्बा हटाउन पूर्वाधार निर्देशनालयले विद्युत् प्राधिकरणलाई रकम दिनुपर्ने हुन्छ । यी सबै सरकारी तवरबाट हुनुपर्ने काम नहुँदा समस्या भएको हो', उनले भने । नदीजन्य पदार्थको अभाव र बड्डीचौरतर्फ भएका विद्यालयका कारण पनि स्तरोन्नति रोकिएको उनको भनाई छ ।

पूर्वाधार विकास निर्देशनालयका उक्त आयोजना हेर्ने इञ्जिनियर हरि शर्मा धिताल केहीदिनअघि मात्रै निर्देशनालयबाट बाहिरिएका छन् । उनका अनुसार विद्युत् खम्बाका विषयमा प्राधिकरण र निर्देशनालयबीच समस्या भएकाले काम रोकिएको हो । 'निर्देशनालयले खम्बा हटाउन रु चार करोड दिएको छ । प्राधिकरणले प्रतिवेदन नदिँदा उक्त रकम निर्देशनालयको नाममा बेरुजु देखाएको छ', उनले भने ।

प्राधिकरणले प्रतिवेदन बुझाएपछि मात्रै निर्देशनालयले थप रकम निकासा गर्ने धिमालले बताए । 'साइट क्लियर भएका ठाउँमा निर्माण कम्पनीले तीव्रताका साथ काम गर्नुपर्ने हो । चार किमीमा मात्रै केही समस्या छ', उनले भने, 'निर्माण कम्पनीले काम नगरी सरकारी पक्षलाई आरोप लगाउँदै आएको छ । काम गर्न मिल्ने ठाउँमा काम हुनुपर्नेमा भएको छैन ।'

केही समय भएको विवादका कारण ढिलाइ भएको धिमाले स्वीकार गनुभयो । उक्त सडकबारे केहीदिनअघि मुख्यमन्त्री यामलाल कँडेलले सर्वदलीय बैठक आश्वान गरी काममा ढिलाइ नगर्न निर्देशन दिएका थिए । कँडेलले सार्वजनिक जीवनमा प्रभाव राख्ने क्षेत्रमा समस्या देखाएर पन्छिन नमिल्ने बताउँदै समस्याको विषयमा सहयोग गर्ने प्रतिबद्धता जनाए ।

मुख्यमन्त्री कँडेलले आह्वानमा बसेको सर्वदलीय बैठकले वर्षाको समयमा सडक सञ्चालन गर्न समन्वय गर्ने सहमति गरेका छन् । सडक निर्माण गर्दा नयाँ कटिङ भएका ठाउँमा धुलो र हिलोले आवागमनमा समस्या आउनसक्ने भन्दै वर्षात्मा नियमित यातायात सञ्चालनका लागि वैकल्पिक व्यवस्थापन गर्न निर्माण व्यवसायी सहमत भएको छ ।


**५६ औं वार्षिकोत्सव**

**नेपाल बीमा प्राधिकरणको ५६ औं वार्षिकोत्सवको अवसरमा समग्र बीमीत, बीमित, सर्भेयर, अभिकर्ता, बीमा क्षेत्रका कर्मचारी, सरोकारवालाहरू एवं सम्पूर्ण सुभेच्छुकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।**

**नेपाल बीमा प्राधिकरण**
**कर्णाली प्रदेश परिवार**

**घर निर्माण कार्यको लागि सम्झनुहोस्**

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.–३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

**घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा**

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

**हटलाइन मर्मत सेवा**
**फोन गर्नुहोस ।**
**समस्या सुनाउनुहोस**
**समाधान पाउनुहुनेछ ।**

धेरै समस्याको समाधान अब एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा ।
२) फर्निचर (कार्पेन्टर) मर्मत सेवा ।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा ।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा ।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा ।
६) पाथरुम, शौचालय मर्मत सेवा ।
७) कोठा सार्ने गाडी सुविधा ।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि
२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

**सुलभ दर र गुणस्तरिय छपाइ तोकिएकै समयमा ढुक्क ।**

भवानी छापाखाना DIGITAL COLOUR PRINTER
• Screen Print • Offset Print • Digital Print
24 Years in Printing Experience
Quality & Quantity Printing House

**क्यालेण्डर**
स्पाइरल, साधारण, टेबल
B.C. Group Karnali

के तपाई **गुणस्तरीय छपाइको** खोजीमा हुनुहुन्छ ?

संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20"x30" & 19"x25")
Multicolour Printing Machine
25000 Printing Per Hour





Service Related
Government Office | Bank
Private Office | NGO | INGO
Co-operative | School | College

**भवानी छापाखाना**
Birendranagar-6, Surkhet
☎ 9858067999, 9858060615
Industry: Birendranagar Industrial Area
E-: pressbhawani@gmail.com


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।